# नोभल कोरोनाभाइरस कोभिड 19 बारे टोक्यो महानगरपालिकाले निम्न अनुरोध गरेको छ

○ हाल नोभल कोरोनाभाइरस कोभिड-19 बाट संक्रमण हुने व्यक्तिको संख्या धेरै छ। अझै बढ्यो भने खतरा हुन्छ।
○ टोक्यो महानगरपालिकामा आपत्कालीन अवस्थाको घोषणा गरिएको छ। हालको अवस्थामा महत्त्वपूर्ण कुरा भनेको सकेसम्म घरमा बस्ने र घरबाट ननिस्किने हो। त्यसपछि अरूलाई भेट्ने, कुरा गर्ने जस्ता कार्यहरू नगर्ने कुरा हो।
○ आपत्कालीन अवस्थाको घषणाको अर्थ सबैले आफ्नो दैनिक जीवनका गतिविधिहरू परिवर्तन गर्नुहोस् भन्ने हो।

**कहिलेदेखि कहिलेसम्म** मे 12 तारिख (बुधबार) बिहानको 0 बजे देखि मे 31 तारिख (सोमबार) रातिको 12 बजेसम्म

**टोक्यो महानगरपालिकामा बसोबास गर्ने व्यक्ति**

## घरमा बस्नुहोस्

○ सकेसम्म घरमा बस्नुहोस्।
सकेसम्म घर बाहिर ननिस्कनुहोस्।
○ टोक्योमा आउने, टोक्योबाट बाहिर जाने नगर्नुहोस्।
○ सधैँ सँगै नहुने व्यक्तिसँग अनलाइनमा भेट्नुहोस्।

## खाना खाने बेला

○ परिवार र सँगै बसोबास गर्ने व्यक्तिसँग खाना खानुहोस्।
○ सडक र पार्कमा जम्मा भएर मदिरा सेवन नगर्नुहोस्।

**पसल सञ्चालन गर्ने व्यक्ति**

## बन्द गर्नुहोस् वा समय छोट्याउनुहोस्

【रेस्टुरेन्ट आदि】

① अनुरोध गरिएका पसलहरू: मदिरा प्रदान गर्ने रेस्टुरेन्ट, काराओके आदि
अनुरोध गरिएको कुरा: बन्द गर्नुहोस्

② अनुरोध गरिएका पसलहरू: ① बाहेकमा पर्ने पसलहरू
पसल खोले पनि हुने समय: बिहानको 5 बजेदेखि रातिको 8 बजेसम्म

【इभेन्ट गर्ने पसल※】

○ ग्राहक संख्या 5000 जना वा सोभन्दा कम गर्नुहोस्।
प्रवेश गराउने ग्राहक संख्यालाई, अट्ने मान्छेको 50% सम्म गर्नुहोस्।
※थिएटर, सभा स्थल, खेलकुद सुविधा, मनोरञ्जन पार्क आदि
○पसल खोले पनि हुने समय: बिहानको 5 बजेदेखि रातिको 9 बजेसम्म

一般財団法人
東京都つながり創生財団
Tokyo Metropolitan Foundation "TSUNAGARI"

# सुविधाहरूको बारेमा – बन्द गर्न अनुरोध

## ●सुविधाको साइज अनुसार फरक छन्

| सुविधाहरू | उदाहरणहरू | अनुरोध गरिएका कुराहरू |
| --- | --- | --- |
| थिएटर आदि | सिनेमा हल, प्लानेटेरियम आदि | **【1,000$m^2$ भन्दा फराकिलो सुविधा】**<br>**●बन्द गर्नुहोस्**<br><br>**【1,000$m^2$ वा सोभन्दा सानो सुविधा】**<br>●सकेसम्म **बन्द गर्नुहोस्** |
| व्यापारिक सुविधा | सपिङ सेन्टर, डिपार्टमेन्ट स्टोर, सुपरमार्केट, कम्बिनी, ड्रग स्टोर, पेट्रोल पम्प आदि | |
| खेलकुद सुविधा | व्यायामशाला, सुइमिङ पुल, इनडोर टेनिस कोर्ट आदि | |
| खेल-मनोरञ्जन सुविधा | बलिङ गर्ने ठाउँ, स्पोर्ट क्लब, पाचिन्को पसल, गेम सेन्टर आदि | |
| सङ्ग्रहालय आदि | सङ्ग्रहालय, कला संग्रहालय, एक्वेरियम, चिडियाखाना आदि | |
| मनोरञ्जन सुविधा | व्यक्तिगत कोठा भएको भिडियो पसल, व्यक्तिगत कोठा भएको बाथ व्यवसायसँग सम्बन्धित पब्लिक बाथहाउस, बेटिङ टिकट बिक्री स्थल आदि | |
| सेवा प्रदान उद्योग | पब्लिक बाथ, नेल सलोन, सौन्दर्य सेवा उद्योग आदि | |

# इभेन्ट आदिको बारेमा — अनुरोध

## ●इभेन्टबारे अनुरोध

- ग्राहक संख्या 5000 जना वा सोभन्दा कम गर्नुहोस्।
  प्रवेश गराउने ग्राहक संख्यालाई, अट्ने मान्छेको 50% सम्म गर्नुहोस्।
- पसल खोले पनि हुने समय: **बिहानको 5 बजेदेखि रातिको 9 बजेसम्म**

## ●अनुरोध गरिएका सुविधाहरू

<table>
<tr><th>सुविधाहरू</th><th>उदाहरणहरू</th><th>अनुरोध गरिएका कुराहरू</th></tr>
<tr><td>थिएटर आदि</td><td>थिएटर , अवलोकन स्थल आदि</td><td rowspan="6">●ग्राहक संख्या 5000 जना वा सोभन्दा कम गर्नुहोस्।<br>प्रवेश गराउने ग्राहक संख्यालाई, अट्ने मान्छेको 50% सम्म गर्नुहोस्।<br>●पसल खोले पनि हुने समय बिहानको 5 बजेदेखि रातिको 9 बजेसम्म हो।<br>●प्रवेश गराउने व्यक्तिको संख्या घटाउनुहोस्।<br>●मदिरा उपलब्ध नगराउनुहोस्।<br>●ग्राहकले पसलमा मदिरा लिएर जान पनि पाउनेछैन।<br>●काराओके नगर्नुहोस्।</td></tr>
<tr><td>सभा स्थल आदि</td><td>सभा स्थल, पब्लिक हल आदि</td></tr>
<tr><td>प्रदर्शनालय</td><td>प्रदर्शनालय, रेन्टल सम्मेलन कोठा आदि</td></tr>
<tr><td>होटेल आदि</td><td>होटेल, र्‍योकान (सभाको लागि प्रयोग गरिने ठाउँ मात्र)</td></tr>
<tr><td>खेलकुद सुविधा</td><td>बेसबल फिल्ड, गल्फ कोर्स, ब्याटिङ अभ्यास गर्ने ठाउँ आदि</td></tr>
<tr><td>मनोरञ्जन स्थल</td><td>थिम पार्क, मनोरञ्जन पार्क</td></tr>
</table>